# आकाशवाणी

मुख्य समाचार-

- भारत र अमेरिका आतंकबाद विरूद्धको लड़ाँइमा सुदृढतापूर्वक एकसाथ उभिएको प्रधानमन्त्री नरेन्द्र मोदीको भनाई।
- महिलाहरूसित ठूलो सपना देख्ने र यसलाई साकार बनाउन साहस शक्ति र क्षमता जुटाउने राष्ट्रपति द्रौपदी मुर्मुको आग्रह।
- प्रधानमन्त्रीले भन्नुभएको छ भारतको एक्ट ईष्ट नीति र थाइल्याण्डको एक्ट नीति एकाअर्काका पूरक।
- भारतको थोक मूल्य सूचकांक जनवरी 2025 मा घटेर 2 दशमलउ तीन एक प्रतिशत रह्यो।
- उत्तराखण्डको हल्दवानीमा  आज अड़तीसौं राष्ट्रिय खेल समपन्न।

## PM

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ भारत र अमेरिका आतंकवाद विरूद्धको लड़ाईमा दृढतापूर्वक एकसाथ उभिएका छन् र दुवैदेश सीमापारि आतकंवाद समाप्त गर्नका लागि ठोस कार्रवाईको आवश्यकता छ भन्ने विचारमा सहमत छन्। आज वाशिंगटन डी सी को White हाउसमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रपसित दुईपक्षीय वार्तापछि संयुक्त सम्वाददाता सम्मेलनमा उहाँले यस्तो कुरो भन्नुभयो। बैठकमा बोल्दै राष्ट्रपति डोनाल्ड ट्रम्पले भन्नुभयो भारत र अमेरिकाबीच सबैभन्दा ठूलो व्यापार मार्ग मध्ये एउटा, भारत मध्य पूर्व युरोप आर्थिक Carridor को निर्माणका लागि पनि सहमतिभएको छ । बातचीतका बेला दुवै देशले ऊर्जा सामर्थ्य र स्थिरतालाई महत्व दिए। प्रधानमन्त्री, अमेरिका र फ्रान्सको सफल यात्रापछि आज स्वदेश फर्किंदैहुनुहुन्छ।

## President

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले महिलाहरूसित ठूलो सपना देख्ने र सपनालाई साकार बनाउन साहस शक्ति र क्षमता जुटाउने आग्रह गर्नुभएको छ। उहाँ आज बंगलुरूमा आर्ट अफ लिविङ अन्तर्राष्ट्रिय केन्द्रद्वारा आयोजित दशौं अन्तर्राष्ट्रिय महिला सम्मेलनका प्रतिनिधिहरूलाई सम्बोधन गर्दैहुनुहुन्थ्यो। राष्ट्रपतिले जोड़ दिँदै भन्नुभयो महिलाहरूले निडर भएर महत्वाकांक्षी लक्ष्य राख्नुपर्छ र वाधाहरूलाई हटाउनुपर्छ। श्रीमती मुर्मुले भन्नुभयो प्रत्येक मोनिसले क्षमा प्रेम र एकता जस्ता मानव मूल्यहरूको प्रवर्ध्यनका लागि अतिरिक्त प्रयास गर्नुपर्छ। मानसिक स्वास्थ्यमाथि जोड़ दिँदै राष्ट्रपतिले भन्नुभयो कुनै पनि महिलाले अर्थपूर्ण जीवन बाँच्न र परिवार, समाज र विश्वकै लागि योगदान दिनमा मानिसक आरोग्य महत्वपूर्ण छ।

## P.M India – Thailand

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ भारत थाइल्याडबीच दुई हजार वर्षभन्दा अधिक पुरानो सांस्कृतिक सम्बन्ध छ। थाइल्याण्डमा आयोजित सम्वाद कार्यक्रमलाई भिडियो कन्फरेन्सको माध्यमद्वारा सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो भारतकगो एक्ट ईस्ट नीति र थाइल्याण्डको एवट  वेस्ट नीति एकाअर्काका पूरक हुन् र यी नीतिहरूले आपसी प्रगति र समृद्धिलाई प्रोत्साहित गर्छन्। उहाँले भन्नुभयो- यो सम्मेलन दुवै देशवीच मित्रतामा एउटा अर्को सफल अध्यायको प्रतीक हो। प्रधानमन्त्रीले भन्नुभयो थाइल्याण्डमा एउटा समृद्ध..... संस्कृति, इतिहास् र विरासत छ।
उहाँले भन्नुभयो यो एशियाको साझा दार्शनिक र आध्यात्मिक परम्पराको एउटा सुन्दर उदाहरण हो।

## Sensex

भारतको थोक मूल्य सूचकांडमा आधारित मुद्रास्फिती जनवरी 2025 मा दुई दशमलउ तीन एक प्रतिशत रहेको छ। वाणिज्य तथा उद्योग मन्त्रालयद्वारा जारी आंकड़ा अनुसार दिसम्बर 2024 मा यो वार्षिक आधारमा दुई दशमलउ तीन सात प्रतिशत थियो। प्राथमिक वस्तुहरूसित सम्बन्धित वार्षिक मुद्रास्फिती दर घटेर जनवरीमा चार दशमलउ छ नौ प्रतिशत भएको छ भने दिसम्बरमा यो छ दशमलउ शून्य दुई प्रतिगत थियो। ईंधन र बिजनीमा जनवरीमा दुई दशमलउ सात आठ प्रतिशतको कमी देखिएको छ। आंकडा अनुसार खाद्य थोक मूल्य सूचकांकमाथि आधारित वार्षिक मुद्रास्फिती पछिल्लो महीना घटेर सात दशमलउ चार सात प्रतिशत रह्यो।
दिसम्वरमा यो आठ दशमउ आठ नौ प्रतिशत थियो। यसैबिच विनिर्मित उत्पादहरूको श्रेणीमा मुद्रास्फिती दुई दशमलउ एक चार प्रतिशतदेखि बढ़ेर दुइ दशमलउ पाँच एक प्रतिशत पुग्यो।
मंत्रालयले भनेको छ जनवरीमा मुद्रास्फितीको कारात्मक दरको मुख्य कारण विनिर्मित खाद्य पदार्थ र कपड़ा उत्पादहरूमा मूल्य वृद्धि हो। थोक मूल्य सूचकांक,  बजारमा थोकमूल्यमा खरीद र बिक्री गरिएका सामानहरूको मूल्यमा परिवर्तनको मापक हुन्छ।

## Shaj Criminal Laws

केन्द्रीय गृहमन्त्री श्री अमित शाहल महाराष्ट्रमा नयाँ आपराधिक कानुनहरू लागू गर्ने सम्बन्धी समीक्षाका लागि आज राज्यका मुख्यमन्त्री देबेन्द्र फडणवीससित एउटा बैठकको अध्यक्षता गर्नुभयो। तीन नयाँ आपराधिक कानून हुन् भारतीय न्याय संहिता, भारतीय नागरिक सुरक्षा संहिता र भारतीय साक्ष्य अधिनियम। यी कानूनहरूको कार्यान्वयन अनि पुलिस, जेल, अदालत तथा अन्य संस्थाहरूमा नयाँ प्रावधानहरूको वर्तमान स्थितिको समीक्षाका लागि यो बैठक आयोजित भयो। महाराष्ट्रका पुलिस महानिदेशक रश्मि शुक्ला र अन्य वरिष्ठ अधिकारीहरूले पनि बैठकमा भाग लिए। नयाँ आपराधिक कानून गत वर्ष पहिलो जुलाईमा देशभरि लागू भएको थियो। यसको उद्देश्य भारतको न्याय प्रणालीलाई अधिक पारदर्शी, दक्ष र समकालीन समाजका आवश्यकताहरू अनुरूप बनाउनु हो। बैठकपछि सम्वाददाताहरूसितको बातचीतमा

श्री देबेन्द्र फडणवीसले भन्नुभयो राज्य पुलिस बलका नब्बे प्रतिशत कर्मीहरूलाई नयाँ कानूनहरूको प्रशिक्षण दिइसकिएको छ। उहाँले भन्नुभयो सरकारले गत वर्षदेखि पुराना मामिलाहरूको जाँचका लागि फोरेन्सिक सुबिधाहरूयुक्त सताइसवतृण भ्यान तैनात गरिएको छ।

## India Energy week

पेट्रोलियम तथा प्रकृतिक ग्यास मन्त्री श्री हरदीप सिंह पुरीले भन्नुभएको छ भारत ऊर्जा सप्ताहले स्वयंलाई दोस्रो वृहत ऊर्जा मञ्चको रूपमा स्थापित गरेको छ। नयाँ दिल्लीमा आज ऊर्जा सप्ताहको समापन सत्रलाई सम्वोधन गर्दै श्री पुरीले भन्नुभयो यस मञ्चले प्याटफर्म को रूपमा काम गर्नुको साटो वास्तविक व्यावसायिक लेनदेनको सुविधा प्रदान गरेर अन्य वैश्विक ऊर्जा मञ्चहरूदेखि आफुलाई अलग्ग राख्छ। उहाँले लागत प्रभावी रूपान्तरण किट जस्ता व्यावहारिक नवाचारहरूबारे पनि जानकारी साझा गर्नुभयो। ऊर्जा सप्ताहको अघिल्लो संस्करण गोवामा आयोजित गरिनेछ।

## India –America

भारत र अमेरिकाले एक्काइसौं शताब्दीमा रक्षा साझेदारीका लागि दस वर्षको नयाँ रूपरेखामा हस्ताक्षर गरेका छन्। यो रूपरेखा 2025 देखि दुई हजार पैंतिस सालसम्म लागू हुनेछ र यसको उद्देश्य दुवै देशबीच रक्षा सम्बन्धलाई सुदेश्य दुवै देशबीच रक्षा सम्बन्धलाई सुदृढ बनाउनु हो।

प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरीकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको वाशिंगटन डीसीमा बसेको बैठकमा यस्तो निर्णय लिइएको हो। एउटा संयुक्त वक्तव्यमा दुवै नेताहरूले निर्णय लिए अनुसार अमेरिकाले भारतसित रक्षा, बिक्री र सह उत्पादनको विस्तार गर्नेछ जसद्वारा अन्तर सञ्चालन र रक्षा औद्योगिक सहयोग बलियो हुनेछ।

## Pulwama Attack

देशले आज दुई हजार उन्नाइस  सालमा पुलवामा हमलामा ज्यान गुमाउने सैनिकहरूको स्मरण गरिरहेछ। छ वर्षअघि आजकै दिन जम्मू कश्मीरको पुलवामा जिल्लामा भएको आतंकी हमलामा सीआरपीए का चालिसजना जवानहरूको मृत्यु भएको थियो। प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री  अमित शाहले उनीहरूप्रति श्रध्याञ्जली अर्पण गर्नुभएको छ। सोशल मीडिया पोस्टमा प्रधानमन्त्रीले भन्नुभएको छ आँउदो पीढ़ीले उनीहरूको बलिदान र राष्ट्रिप्रति अटूट समर्पणलाई कहिल्यै बिर्सिनेछैन। गृहमन्त्रीले भन्नुभएको छ नरन्द्र मोदी सरकार आतकवांदलाई पूर्ण रूपमा समाप्त गर्न प्रतिबद्ध छ।

## Mahakumbh

डाक विभागले प्रयासराजमा चलिरहेको महाकुम्भ मेलामा श्रध्यालुहरूले अनौठो सेवा प्रदान गरिरहेछ। मेला क्षेत्रमा लगाइएका शिविरहरूमा आधार र अन्य दस्तावेजहरूलाई अपडेट गर्ने जस्ता सेवाहरू प्रदान गरिँदैछ। संचार मन्त्री ज्योतिरादित्य एम सिन्धियाले महाकुम्भ 2025 मा तीन स्मारक डाक टिकट जारी गर्नु भयो। उहाँले प्रयागराजको अरैल घाट डाकघरमा टिकटहरूको अनावरण गर्नुभयो।

स्मारक डाक टिकटहरूमा त्रिवेणी तीर्थका तीन प्रमुख पहलुहरू महर्षि भारद्वाज आश्रम स्नान र अक्षयटलाई दर्शाएको छ। पवित्र स्नानका दिनहरूमा विशेष कवर, दिव्य, भव्य र डिजिटल महाकुम्भ तथा पोस्टकार्ड लगायत डाक टिकट पनि जारी गरिएको छ। यी सीमित वस्तुहरू, वेबसाइटwww.e postoffice.gov.in मा उपलब्ध छन्।

## National Games

उत्तराखण्डको हल्दवानीमा आयोजित अड़तीसौं राष्ट्रिय खेल आज सम्पन्न भयो।
गृह मन्त्री अमित शाह समापन समारोहका मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।
समारोहमा खेलमन्त्री मन सुख मांडविया, उत्तराखण्डका मुख्यमन्त्री पुस्कर सिंह धामी, मेघालयका मुख्यमन्त्री कोगंकल सांगमा, केन्द्रीय सड़क तथा परिवहन राज्य मन्त्री अजय टम्टा, भारतीय ओलम्पिक संघकी अध्यक्ष पी टी उषा र अन्य गन्यमान्य व्यक्तिहरू उपस्थित थिए।

राष्ट्रिय खेलहरूको उद्घाटन प्रधानमन्त्री नरेन्द्र मोदीले गत अठाइस जनवरीमा देहरादुनमा गर्नु भएको थियो। पदक तालिकामा तीनै सेनाहरूको संयुक्त टीम अड़सठी स्वर्ण लगायत जम्मा एक सय एककाइसवटा पदक जितेर शीर्ष स्थानमा रह्यो महाराष्ट्र चौवन्न स्वर्णसहित दुई सय एक पदक प्राप्त गरेर दोस्रो र हरियाणा अड़चालिस स्वर्ण लगायत एक सय त्रिपन्नवटा पदक जितेर तेस्रो स्थानमा रह्यो। मध्यप्रदेशलाई चौथो, कर्नाटक पाँचौं र तामिलनाडुलाई छैटौं स्थान हासिल भएको छ।

## ICC Award

अन्तर्राष्ट्रिय क्रिकेट परिषद आई सी सी ले उन्नाइस फरवरीदेखि पाकिस्तानमा शुरू हुने च्याम्पियन्स ट्रफी प्रतियोगिताका लागि पुरस्कार राशिको घोषणा गरेको छ। यसपालि कुल पुरस्कार राशिलाई दुई हजार सत्र सालको तुलनामा त्रिपन्न प्रतिशत बढ़ाएर कुल पुरस्कार राशि साढ़ेचार मिलियन अमेरिकी डलर गरिएको छ।
यो टुर्नामेण्ट उन्नाइस दिनसम्म चल्नेछ।